नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग

पत्र संख्याः- ०८२/०८३

चलानी नम्बरः-

बबरमहल, काठमाडौं
नेपाल ।

## सूचना ! सूचना !! सूचना !!!

विषयः **श्रम अडिट पेश गर्ने सम्बन्धमा ।**

श्रम ऐन, २०७४ को दफा १०० तथा श्रम नियमावली, २०७५ को नियम ५६ मा प्रत्येक प्रतिष्ठानले नियमावली २०७५ को अनुसुची-१० बमोजिमको ढाँचामा प्रत्येक आ.व. को पौष मसान्त सम्म श्रम अडिट गरी सम्बन्धित श्रम तथा रोजगार कार्यालयमा पेश गर्नु पर्ने सम्बन्धमा यस विभागबाट मिति २०८२/०४/०२ मा सार्वजनिक सूचना जारी भएको सर्ववितिदितै छ। श्रम अडिटको नमुना विभागको वेवसाईट https://dol.gov.np मा समेत उपलब्ध छ । श्रम अडिटको व्यवस्थाबाट असल श्रम सम्बन्ध कायम हुने हुनाले यो कानुनी व्यवस्थालाई सबैले पालना गर्दा श्रम तथा रोजगार क्षेत्रमा सकारात्मक प्रभाव पर्ने भएकोले श्रम अडिटसम्बन्धी कानुनी व्यवस्थाको पुर्णरुपमा परिपालना गर्नु/गराउनु हुन सम्बन्धित सम्पूर्ण प्रतिष्ठानहरुलाई अनुरोध छ। साथै आ.व. २०८२/८३ को श्रम अडिट प्रतिवेदन २०८२ साल पौष मसान्त सम्म विभागको ILMIS System (www.ilmis.dolos.gov.np) वा विभागको ईमेल info@dolos.gov.np, dol.osh12@gmail.com मार्फत वा सम्बन्धित श्रम तथा रोजगार कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । तोकिएको समयमा श्रम अडिट प्रतिवेदन नबुझाउने प्रतिष्ठानलाई श्रम ऐन, २०७४ दफा १६३ (२) (ख) बमोजिम रु बीस हजार जरिवाना गर्न सक्ने प्रावधान भएको व्यहोरा समेत सम्बन्धित सरोकारवाला सबै प्रतिष्ठानलाई अनुरोध गरिन्छ ।

मितिः २०८२/०९/१४

(मणिनाथ गोप)
प्रवक्ता